आ.व. २०७४/०७५ को सातौं बैठक

आज मिति २०७४ साल पौष २८ गते ~~बिहिवार~~ शुक्रबार राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल वमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल वमोजिम छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी

उपाध्यक्ष श्री जगदम्वा कुमारी चौधरी

सदस्य श्री टेकवहादुर कुमाल

सदस्य श्री वेदप्रसाद चौधरी

सदस्य श्री विष्णुवहादुर घर्ति क्षेत्री

सदस्य श्री कुवारी देवी कार्की

सदस्य श्री जगतवहादुर थापा

सदस्य श्री विष्णु गुरुङ्ग

सदस्य श्री ताराबहादुर डि.सी

सदस्य श्री गोकर्णबहादुर रानामगर

सदस्य श्री गोवर्धन रावत

सदस्य श्री विद्याशरण चौधरी

सदस्य श्री सुनिता मल्ल

सदस्य श्री ताराकुमारी चौधरी

सदस्य श्री चन्दर चौधरी

सदस्य श्री रिमबहादुर सुनारी मगर

सदस्य श्री संजिव परियार

सदस्य-सचिव श्री ललित कुमार थापा

आमन्त्रित

श्री सि.ले.पा. रेशमराज अधिकारी

Scanned with CamScanner

## बैठकका प्रस्तावहरु ।

१. बाटो मर्मत सम्वन्धमा ।

२. शिक्षक /कर्मचारी छनौट कार्यविधि सम्वन्धमा ।

३. कक्षा ८ को वार्षिक परीक्षा सम्वन्धमा ।

४. श्रोत व्यक्ति सम्वन्धमा ।

५. कामकाज गराउने सम्वन्धमा ।

६. कानूनी र प्रेश सल्लाहकार सम्वन्धमा ।

७.सामाजिक परिचालक सम्वन्धमा ।

८. घर अभिलेखिकरण सम्वन्धमा ।

९. मठमन्दिरको रकम सम्वन्धमा ।

## निर्णयहरु

१. बाटो मर्मत सम्बन्धमा

वडा नं ५ को पुन खोलाको बाटो वर्षातको समयमा भत्केको हुनाले सो बाटो मर्मत गर्न भैपरी आउने बजेटबाट रु. एक लाख भुक्तानि दिने निर्णय गरीयो ।

२. शिक्षक/कर्मचारी छनौट कार्यविधि सम्बन्धमा

शिक्षक/कर्मचारी छनौट सम्बन्धमा कार्यविधि वनाई कार्यपालिकाबाट स्विकृत गरी गाउँसभाबाट पारीत गराउने निर्णय गरीयो ।

३. कक्षा ८ को वार्षिक परिक्षा सम्बन्धमा

कक्षा ८ को वार्षिक परिक्षा सञ्चालनका लागि यस गा.पा.को सामाजिक विकास समितिबाट परिक्षा समिति गठन गरिसकेको हुँदा उक्त समितिलाई यस कार्यपालीकाको बैठकबाट पारीत गरी अनुमोदन गर्ने निर्णय गरियो ।

४. श्रोत व्यक्ति सम्बन्धमा

जिल्ला शिक्षा कार्यालय र स्थानीय तहको मिति २०७४/०९/१७ गते बसेको बैठकको निर्णय अनुसार श्रोत व्यक्ति श्री राजेन्द्र घिमिरेलाई शिक्षा सम्बन्धि सम्पुर्ण कामको जिम्मा दिने निर्णय गरियो ।

Scanned with CamScanner

५. कामकाज गराउने सम्बन्धमा

आदर्श मा.वि. लालमटियामा कार्यरत शिक्षक श्री किरण पोखेललाई यस गाउँपालीकामा शिक्षा सम्बन्धि आवश्यक काम परेको अवस्थामा बोलाई शिक्षा सम्वन्धि काममा लगाउने निर्णय गरियो ।

६. कानूनी र प्रेश सल्लाहकार सम्बन्धमा

यस रासी गाउँपालीकामा १/१ जना कानूनी र प्रेश सल्लाहकारको सेवा करारमा लिने निर्णय गरियो ।

७. सामाजिक परिचालक सम्बन्धमा

LGCDP अन्तर्गतका सामाजिक परिचालकहरुको म्याद २०७४ पौष १५ गते देखि समाप्त भएको हुनाले निजहरुले यस गाउँपालिकामा दिएको निवेदन माथि छलफल गर्दा प्रकृया पुऱ्याएर निजहरुलाई काममा लगाउने निर्णय गरियो ।

८. घर अभिलेखिकरण सम्बन्धमा

स्थानीय राजनैतिक दल तथा कर विज्ञहरुसँग अन्तरकृया छलफल गर्नका लागि तपशिल बमोजिमको दररेट अनुसार छलफल गर्ने निर्णय गरियो ।

- फुसको छानो, सिठा वा चिर्पटको बार भएको घरलाई वार्षिक २००/-
- ढुङ्गाको गारो, माटो लगाएको खरको छानो भएको १ तले घरको ३००/-, दुई तले घरको ५००/-
- ढुङ्गाको गारो, प्लास्टर गरेको टिनको छानो भएको घर एक तलेलाई ५००/-, दुई तलेलाई ७५०/-
- पक्कि घर पहाडी ईलाकाको १ तले ४ कोठाको १,५००/- दुई तले २,५००/-

९. मठ मन्दिरको रकम विभाजन सम्बन्धमा

मठ मन्दिरहरुको निर्माण तथा मर्मतका लागि रु.१५,००,०००/- बजेट बिनियोजन भएकोमा वडा नं. १ को रामजानकी मन्दिर मर्मतको लागि रु. ३,००,०००/- र बाँकी ८ वटा वडाहरुलाई १,२५,०००/- का दरले १०,००,०००/- र गा.पा. अध्यक्ष र उपाध्यक्षले तोकेको ठाउँमा खर्च गर्ने गरी १/१ लाख बजेट छुट्याइएकोमा सो मध्येबाट रु. ५१,०००/- वडा नं. ६ को बगरापुर शिव मन्दिरलाई, ५१,०००/- वडा नं. ५ को भुल्के शिव मन्दिरलाई, वडा नं. ५ कै शिवलक्ष्मी मन्दिरलाई २५,०००/- र वडा नं. २ को अम्बिकेश्वरी मन्दिरलाई २५,०००/- खर्च गर्ने निर्णय गरियो ।

Scanned with CamScanner